अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- २०८१/०८२
च. नं.-

मिति: २०८१/०७/०७
नेपाल संवत् ११४४

विषय: सूचना !

जिल्ला प्रशासन कार्यालय, भोजपुरको च. नं. ३३९ मिति २०८१/०६/१४ को पत्र साथ प्राप्त सडक डिभिजन, तुम्लिङ्गटारको च. नं. ८२ मिति २०८१/०६/१३ को पत्रानुसार मध्यपहाडी राजमार्गको लेगुवाघाट-भोजपुर खण्डको विभिन्न चेनेजहरूमा (विशेष गरी प्याउली, फालिटार तथा वरिपरीका स्थानहरूमा) सडकको किनारमै काठका गोलियाहरू जथाभावी थुपारी राखेको कारण सडकको आवागमनमा अवरोध पुगेको, सडक किनारामा नाली भत्कने गरेको, नालीमा पानीको वहावमा अवरोध सिर्जना भएको तथा सडकको सतह नै फोहोर भई सडक सुरक्षामा समेत प्रतिकूल असर परेको देखिन्छ ।

साथै सडक डिभिजन, तुम्लिङ्गटारको च. नं. ८४ मिति २०८१/०६/१३ को पत्रानुसार मध्यपहाडी राजमार्गको लेगुवाघाट-भोजपुर खण्डको ओदानेमा सडकसँग जोडिएको जग्गाबाट Rock Breaker मेशिनको अव्यवस्थित प्रयोग गरी गिटी, ढुङ्गा जस्ता सामाग्रीहरू उत्खननबाट सँगैको सडक सतह तथा नालीमा क्षति भइरहेको र उत्खनन सामग्रीहरू जथाभावी छोडिदिँदा सडक आवागमनमा समेत अवरोध पुगेको र सो सम्बन्धमा स्थानीय व्यक्तिहरूवाट पटक-पटक गुनासो समेत आइरहेको हुँदा सडकको किनारामा थुपारी राखिएका काठका गोलियाहरू तथा सडकसँग जोडिएका जग्गामा जथाभावी राखिएको ठूला मेशिन लगायत उत्खनन सामग्रीहरू अविलम्व हटाइदिनु हुन यो सूचना गरिन्छ ।
यो सूचनालाई अवज्ञा गरी उक्त सामग्रीहरू नहटाएमा सार्वजनिक सडक ऐन, २०३१ बमोजिम कारबाही हुने कुरा समेत सूचित गरिन्छ ।

अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ</u>
श्री जिल्ला प्रशासन कार्यालय, भोजपुर
श्री संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, तुम्लिङ्गटार ।